# नलगाड शैक्षिक अन्तरक्रिया एवं बहस कार्यक्रम-२०७९ फागुन ११ बाट जारी २८ बुँदे घोषणा-पत्र

- विद्यार्थीको क्षमता पहिचान गरी उपयुक्त परामर्श गर्ने र सन्दर्भ सामाग्री प्रयोग गरेर सिकाइ गर्ने कार्यमा जोड दिने ।
- प्राविधिक शिक्षा संचालन भएका विद्यालयहरुले आयमुलक कार्यक्रमहरु संचालन गरी उद्यमशिलता प्रर्वद्धन गर्ने ज्ञानलाई उत्पादन संग जोड्ने ।
- न्युनतम सक्षमताको अवस्था विश्लेषण लागि चेक लिष्ट निर्माण गरी क्रमशः सुधारको कार्ययोजना बनाइ आवश्यक सुधार गर्न प्रतिवद्धता गर्ने ।
- नीति निर्माणकर्ता, जनप्रतिनिधि, सरोकारवाला निकायले निरन्तर Supervision गर्ने सुधारमा निन्तर सहयोग गर्ने ।
- यस क्षेत्रका विद्यायलयहरुको भौतिक र शैक्षिक व्यवस्थापन गर्न निरन्तर पहल गर्ने पूर्वाधारको गुणस्तरमा जोड दिने ।
- श्रोत र साधनको पारदर्शिता व्यवस्थापनलाई व्यवस्थित गर्न परस्पर समन्वय गर्ने ।
- विद्यालयमा गरिने आयमुलक र सृजनात्मक कार्यका लागि स्थानीय तहबाट आवश्यक आर्थिक प्राविधिक सहयोग गर्ने ।
- सिकाईको गुणस्तर सुधार केन्द्रित अध्ययन अनुसन्धान लेखाजोखा गर्न अगाडी बढ्ने ।
- विद्यायलयका समस्याहरु विशिष्ट र सक्ष्म रुपले अध्ययन गर्न सुधारको मौलिक कार्य योजना निर्माण गर्ने ।
- विद्यालय सुशासनका विविध पक्षहरु सवलिकरण गर्ने ।
- विद्यायलयलाई शान्तिक्षेत्र, राजनितिमुक्त क्षेत्र तथा बालमैत्री वनाउन पहल गर्ने ।
- तालिम प्राप्त शिक्षकको सिप र क्षमताको कार्यस्थलमा भरपुर उपयोग गर्ने
- परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने ।
- विद्यालय नियमनलाई प्रभावकारी वनाउने ।
- समयमा पठनपाठन र गुणस्तरीय सिकाईका आधारहरु तयार गर्ने, कोर्ष पुरा गर्ने र कार्य योजना अनुसार अगाडी बढ्ने ।
- शिक्षालाई पहिलो प्राथमिकतामा राख्दै सोही अनुकुलका क्रियाकलापहरु सम्पादन गर्दै जाने ।

- प्रदेश सरकार बाट शिक्षण सिकाइ अनुदानको कार्यक्रम ल्याई शिक्षक दरवन्दीको अभाव हटाउन पहल गर्न अनुरोध गर्ने ।
- शैक्षिक सुधारका नवर्तनात्मक कार्यक्रमका लागि प्रदेश सरकार लाई अनुरोध गर्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्न प्रदेश स्तरबाट आर्थिक प्राविधिक सहयोग गर्न अनुरोध गर्ने ।
- एक पालिका एक विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम लागु गर्न शैक्षिक शत्र २०८० देखी पहल गर्ने ।
- सबै शिक्षकका लागि आवश्यक शैक्षणिक तालिमको प्रवन्ध गर्ने ।
- सुपेरिवेक्षण कार्य प्रभावकारी वनाउन modality तयार गर्न पहल गर्ने ।
- दण्ड र पुरस्कार प्रणालीको प्रयोगलाई प्रभावकारी वनाउने ।
- अभिभावक शिक्षालाई विद्यालय एवं स्थानीय तह बाट व्यवस्थापन गर्ने ।
- राम्रो गर्ने विद्यालयका क्रियाकलापहरु प्रचारप्रसारमा ल्याउने ।
- विद्यालय खोल्ने र पठनपाठन हुने दिन नियमानुसार हुने गरि कार्य गर्ने ।
- विद्यार्थीको सिकाई उपलब्धी सम्बन्धमा शिक्षकले प्रत्यक्ष जवाफदेहिता वहन गर्ने ।
- स्थानीय तहले शिक्षामा २०% बजेट विनियोजनको सुनिश्चतता गर्न पहल गर्ने ।